सुनछहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा

पं.स. ०७७/०७८ लुम्विनी प्रदेश, नेपाल

च.नं

सुनछहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोबाङ, रोल्पा २०७३

## महिला राष्ट्रपति जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः २०७८/०१/०६

प्रस्तुत विषय सन्दर्भमा आर्थिक वर्ष २०७७/०७८ स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत सुनछहरी गाउँपालिकाको आयोजनमा राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम मार्फत यस सुनछहरी गाउँपालिका स्थायी वसोवास भएका विपन्न र एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिन, आर्थिक तथा सामाजिक अवसर र लाभ प्रदान गर्न साथै महिला उत्थान, सशक्तिकरण गरी राष्ट्रिय विकासको मूलप्रवाहीकरण गर्न राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ को परिच्छेद ३ को उपदफा ६ बमोजिमको व्यवसाय क्षेत्रको परिधिमा रहि कार्यक्रम सञ्चालन ईच्छुक फर्म वा संस्थाले तपशिलका कागजात सहित तोकिएको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

संलग्न गर्नुपर्ने कागजातहरुः

१. फर्म वा संस्था दर्ता पत्रको प्रमाणित प्रतिलिपी।
२. प्रत्येक वर्ष लेखापरीक्षण सम्पन्न गरेको लेखा परीक्षण प्रतिवेदन
३. स्थायी लेखा नम्वर वा मु.अ.कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
४. आ.ब. २०७६/०७७ मा कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
५. राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ को अनुसूचि-२ बमोजिमको प्रस्ताव

थप जानकारीको लागि सम्पर्क नं ९८६६५०६२७८

२०७८/०१/०६

वीरबहादुर पुन

प्रमुख प्रशासकीय अधिकृत

विरबहादुर पुन प्रमुख प्रशासकीय अधिकृत